website:besishaharmun.gov.np
Email:info@besishaharmun.gov.np

# बेसीशहर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

प.सं.२०८०/०८१

च.न.

फ्याक्स नं. ०६६-५२०२०४
फोन नं. ०६६-५२०१५०

## रसायनिक मल विक्रेता सिफारिसको लागि सहकारी संस्था/फर्म वा कम्पनीहरुले निवेदन दिने सम्बन्धी सूचना

मितिः २०८०/१०/०८

प्रस्तुत विषयमा अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका २०७७ को दफा १० को उपदफा (१) बमोजिम गठित स्थानीय तह मल वितरण व्यवस्थापन समितिको मिति २०८०/१०/०८ गते बसेको बैठकको निर्णयानुसार बेसीशहर नगरपालिका वडा नं. ८ मा विक्री केन्द्र राखि वडा नं. ८ का किसान लगायत अन्य वडाका किसानहरुलाई विक्रि वितरण गर्ने गरी एक (१) वटा विक्रेताको आवश्यक परेको हुनाले दफा १५ को उपदफा (१) अनुसारको मल विक्रेता नियुक्तिका लागि स्थानीय तहको सिफारिस आवश्यक पर्ने हुँदा दफा ११ को उपदफा (१) को ङ बमोजिम मल वितरक कम्पनीमा मल विक्रेता नियुक्तिको लागि सिफारिस लिन दफा १५ को उपदफा (८) बमोजिम मलको कारोबार गर्न इच्छुक कृषि सहकारी संस्था/फर्म वा कम्पनीहरुले यो सूचना प्रकाशित भएको ७ दिन भित्र ( मिति २०८०/१०/१४) तपशिलका कागजातहरु सहित बेसीशहर नगरपालिका अन्तर्गत कृषि विकास शाखामा निवेदन पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

- सहकारी संस्था/ फर्म वा कम्पनीको दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।
- संचालक समितिको निर्णयको प्रतिलिपि (सहकारीको हकमा अनिवार्य)।
- विगत दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
- अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण ।
- नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगाएतका भौतिक पूर्वधार सामाग्री तयार गर्न सकिने प्रतिबद्धता पत्र ।
- वडा कार्यालयको सिफारिस पत्र ।
- यस भन्दा पहिला अनुदानको मल विक्रि वितरण गरिरहेको हकमा ससायनिक मल विक्रेता प्रमाण पत्रको प्रतिलिपि ।

**नोटः कृषि सहकारी संस्थाहरुलाई पहिलो प्राथमिकता दिइनेछ ।**

चैतन्यनाथ अर्याल
प्रमुख प्रशासकीय अधिकृत

" पर्यटकीय, ऐतिहासिक, व्यवसायिक कृषिनगर, स्वच्छ, समृद्ध, हराभरा हाम्रो बेसीशहर "